# स्थानीय राजपत्र


| मंगलसेन नगरपालिका, अछामद्वारा प्रकाशित | | |
| --- | --- | --- |
| खण्ड ४ | संख्या ४ | मितिः २०७७/०३/१० |


**भाग १**

**मंगलसेन नगरपालिका**

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिमको मंगलसेन नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन संख्या ४

# कृषि/पशु वस्तु बिक्री तथा संलकलन केन्द्र एवं हाटबजार संचालन, व्यवस्थापन कार्यविधि-२०७६

**प्रस्तावना:**

मंगलसेन नगरपालिका अन्तरगत वडा नं.-५ मा संचालित कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न तथा कृषि उपजको बजार सुनिश्चित गरी सुरक्षित, सफा र स्वच्छ मंगलसेन बजार व्यवस्थापनको लागि स्थानीय सरकार संचालन

ऐन, २०७४ दफा ११ उ.(२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कृषि/पशु वस्तु बिक्री तथा संरकलन केन्द्र एवं हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि-२०७६" हुनेछ ।

(२) यो कार्यविधि नगर सभाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले मंगलसेन नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले "कृषि/पशु वस्तु बिक्री तथा सं कलन केन्द्र एवं हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि-२०७६" लाइ सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाट बजारमा कृषि तथा पशुजन्य वस्तु बिक्री गर्ने व्यापारी, निजी वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समुह सम्झनु पर्छ ।

(छ) "शाखा" भन्नाले नगरपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखालाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

(झ) "संचालक" भन्नाले कृषि तथा पशु वस्तु बिक्री तथा संसकलन केन्द्र स्थापना, संचालन र व्यवस्थापनको लागि नगर कार्यपालिकाबाट तोकिएको समितिलाइ सम्झनु पर्छ ।

(ञ) "कार्यालय" भन्नाले मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ट) "कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र" भन्नाले मंगलसेन नगरपालिका वडा नम्बर ५ स्थित हाल सञ्चालनमा रहेको कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्रलाइ सम्झनु पर्नेछ ।

(ठ) "हाटबजार" भन्नाले यस कार्यविधि बमोजिम नगर क्षेत्रभित्र अनुमति लिएर कुनै पनी व्यापारी, निजी वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समुहले हप्तामा निश्चित दिनमा सञ्चालन गर्ने हाटबजार वा कृषि मेलालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## संचालन प्रक्रिया

**३. संचालन गर्न सक्नेः**

(१) यस कार्यविधि बमोजिम तोकिएको शर्त तथा मापदण्ड पूरा गरी कुनै पनि व्यापारी, निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले नगरपालिका क्षेत्रभित्र कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन गर्न सक्नेछ ।

## ४. कृषि/पशु वस्तु बिक्री तथा संमकलन केन्द्र एवं हाटबजार संचालन दर्ता तथा नवीकरण:

(१) इच्छुक संस्थाले नगरपालिकाले वडा नम्वर-५ मा सञ्चालन गरेको कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्रमा व्यवसाय संचालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ ।

तर यस कार्यविधि बमोजिम नगरले तोकेको स्थानमा हाटबजार सञ्चालन गर्दा उक्त स्थानमा कृषक, कृषक समूह, कृषि सहकारी वा संस्था तोकिएको दिनमा कृषि तथा पशुवस्तु ल्याएर सुपथ मुल्यमा खरिद बिक्री वा प्रदर्शनीमा कुनै रोकतोक हुने छैन ।

(२) स्वीकृतिको लागि संचालकले अनुसूची १ बमोजिमका कागजात सहित नगरपालिकाको सम्बन्धित वडा मार्फत कृषि तथा पशुपंक्षी विकास शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) निवेदन उपर कार्यविधिको परिच्छेद ३ बमोजिमको संरचना रहे वा नरहेको बुझी आवश्यक कागजात एवं प्राविधिक निरीक्षण प्रतिवेदन समेत संलग्न राखी शाखाले कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन गर्न सक्ने वा नसक्ने विषयमा समितिको समेत सिफारिस लिई सम्पूर्ण कागजात सहित आवेदन गरेको सात दिन भित्र शाखा प्रमुख र शाखा प्रमुखले तीन दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) कार्यविधिको परिच्छेद ३ बमोजम मापदण्ड तथा शर्तहरु पूरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले कृषि/पशु वस्तु बिक्री तथा संदकलन केन्द्र एवं हाटबजार संचालन स्वीकृति दिन सक्नेछ ।

(५) नगरपालिका बाहेक अन्यको हकमा प्रत्येक वर्ष कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार इजाजत पत्र नवीकरण

गर्नु पर्नेछ । नवीकरण गर्दा संचालकले अनुसूची २ बमोजिमको ढाँचा तथा आवश्यक कागजात सहितको निवेदन शाखामा पेश गरी नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ ।

## परिच्छेद ३

## संचालन मापदण्ड

**५. संचालन स्थान वा जग्गाः**

(१) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालनको लागि न्यूनतम २ रोपनी खुल्ला जग्गा हुनु पर्नेछ ।

तर नगरपालिका वा अन्य सरकारी निकायबाट अनुदान प्राप्त गर्नेको लागि न्युनतम ५ रोपनी खुल्ला जग्गामा संचालन भएको हुनु पर्नेछ ।

(२) कृषि/पशु वस्तु बिक्री तथा संपकलन केन्द्र एवं हाटबजार संचालन गर्ने जग्गाको हकमा संचालकको आफ्नै स्वामित्वमा रहेको निजी जग्गा भएमा अनुसूची १ (आफ्नै निजी जग्गाको प्रावधान लागू हुने) बमोजिमको कागजात पेश गर्नु पर्नेछ । संचालकको आफ्नै निजी जग्गा नभए वा भाडामा लिइ संचालन गर्नुपर्ने भएमा जग्गाधनी र संचालक बीच कम्तिमा ५ वर्षको जग्गा भाडा सम्बन्धी करारनामा भएको हुनु पर्नेछ ।

(३) सार्वजनिक जग्गाको हकमा सम्बन्धित निकायबाट कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालनार्थ जग्गा प्राप्त गरी सम्बन्धित निकायसँग अनिवार्य करारनामा गरिएको हुनु पर्नेछ ।

(४) एक कृषि/पशु वस्तु बिक्री तथा संरकलन केन्द्र एवं हाटबजार देखि अर्को बीचको दुरी कम्तिमा १ किलोमिटर हुनु पर्नेछ ।

(५) कृषि/पशु वस्तु बिक्री तथा संनकलन केन्द्र एवं हाटबजार मुख्य मार्ग भन्दा ५० मिटर र ग्रामीण सडक आसपासको हकमा न्यूनतम २५ मिटर दुरी टाढा अवस्थित हुनु पर्नेछ ।

(७) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार वसपार्क, जीपपार्क, सामुदायिक वन, मन्दीर वा शैक्षीक संस्थाको आसपासमा संचालन गर्नुपर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. **भौतिक संरचनाः**

(१) प्रत्येक कृषि/पशु वस्तु बिक्री तथा सं कलन केन्द्र एवं हाटबजारको डिजाइन वा विन्यास (बिषयगत) अनुसूची ४ बमोजिमको नमूनामा तोकिएको मापदण्डको अधिनमा रही निर्माण गर्नु पर्नेछ । कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार परिसरमा तोकिए भन्दा विपरित वा बढी संख्यामा संरचना निर्माण गर्न पाइने छैन ।

(२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलामको पिल्लर र सी.जी.आई. को छाना लगाइनु पर्नेछ ।

(३) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनु पर्नेछ ।

(४) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारमा हुने जनचापको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(५) कृषि/पशु वस्तु बिक्री तथा सौकलन केन्द्र एवं हाटबजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा बिद्युत तथा उज्यालोको उचित प्रबन्ध गर्नु पर्नेछ ।

(६) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको सम्पूर्ण संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा आवश्यक स्लोपको व्यवस्था गरी पानी नजम्ने र ढलको उचित व्यवस्थापन सहित गर्नु पर्नेछ ।

## ७. फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण:

(१) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको कार्य संचालक आफैंले गर्नु पर्नेछ ।

(२) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालनका क्रममा निस्किने कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि ७ स्टल बराबर १ फलामको अलग अलग डस्टविनको व्यवस्था गर्नु पर्नेछ ।

(३) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारले कुहिने फोहोर व्यवस्थापनको लागि कम्पोष्ट विन वा बायोग्याँस प्लान्ट जडान गर्न सक्नेछ ।

(४) नकुहिने फोहोरको व्यवस्थापनको लागि पुनः प्रयोग गर्न मिल्ने र नमिल्ने फोहोरको छुट्टाछुट्टै संकलन गरी नगरपालिकाले तोकेको स्थानमा विसर्जन गर्नु पर्नेछ ।

(५) कृषि/पशु वस्तु बिक्री तथा स्ंकलन केन्द्र एवं हाटबजार क्षेत्र भित्र होहल्ला र ध्वनि प्रदुषण गराउने उपकरणहरु प्रयोगको साथै हाटबजार सम्बन्धी सूचना सामाग्री तोकिएको स्थानमा बाहेक अन्य स्थानमा राख्न वा अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामाग्री टाँस्न वा राख्न पाइने छैन ।

(६) कृषि/पशु वस्तु बिक्री तथा स्ंकलन केन्द्र एवं हाटबजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ ।

## ८. वस्तु तथा सामाग्रीहरुको व्यवस्थापन:

(१) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्रमा बिक्रीमा राखिने सामाग्रीहरु तरकारी, अन्नबाली, मासु लगायत पशुपंक्षीजन्य पदार्थ र हाटबजारमा माथि उल्लेखित सहित लत्ताकपडा, भाँडाकुँडा, वीउविजन, ठेला प्रयोग गरी राखिने वस्तुहरु (फलफुल,

खाजा तथा पक्वान) लगायतका सामाग्रीहरुको छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकै लहरमा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) बुँदा ८ (१) बमोजिम ठेला प्रयोग गरी राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टलको प्रयोग गर्नु पर्नेछ ।

(३) विक्रीको लागि राखिने कृषि वीउ विजनको हकमा नेपाल सरकारले पंजीकृत गरेको वीउविजन (Registered Variety Seeds) को मात्र प्रयोग गर्नु पर्नेछ ।

स्पष्टीकरणः पकाइएका माछा, मासु लगायत सामाग्री कृषि/पशु वस्तु बिक्री तथा संपकलन केन्द्र एवं हाटबजारमा राख्न निरुत्साहित गरिनेछ । साथै मदिरा, सुर्तिजन्य पदार्थ र अखाद्य वस्तुको प्रयोग, विक्री वितरण तथा सेवन पूर्णरुपमा निषेध गर्नु पर्नेछ ।

**९. बिक्री वस्तु तथा सामाग्रीको अनुपातः**

(१) कृषि/पशु वस्तु बिक्री तथा सेंकलन केन्द्र एवं हाटबजारको स्टलहरुमा राखिने सामाग्रीहरुमा कृषिजन्य र स्थानीय उत्पादन ६० (साठी) प्रतिशत तथा अन्य तयारी सामाग्रीको अनुपात ४० (चालिस) प्रतिशतको हुनु पर्नेछ ।

(२) उत्पादकद्वारा नै विक्री गर्ने कृषि उपज लगायतका अन्य सामाग्रीलाई प्राथमिकता दिनु पर्नेछ । कूल स्टल संख्याको कम्तिमा ५ वटा स्टल यस्ता उत्पादकको लागि आरक्षित गर्नु पर्नेछ ।

(३) हाटबजारको हकमा अर्गानिक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम दुईवटा स्टल निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

**१०. कार्यालय व्यवस्थापन तथा सूचना प्रवाहः**

(१) कृषि/पशु वस्तु बिक्री तथा संतकलन केन्द्र एवं हाटबजार प्रवेशको स्थानमा बिक्री तथा संकलन केन्द्र एवं हाट बजारको

नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्बर प्रष्ट देखिने गरी राख्नु पर्नेछ ।

स्पष्टीकरणः कृषि/पशु वस्तु बिक्री तथा सेंकलन केन्द्र एवं हाट बजारमा कृषि उपजको हकमा अर्गानिक वा रासायनिक उत्पादन के हो प्रष्ट देखिने गरी Labeling र Packaging लाई प्रोत्साहन गरिनेछ ।

(२) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार क्षेत्र भित्र कम्तिमा पनि एउटा कार्यालय कोठा र कृषि/पशु वस्तु बिक्री तथा सांकलन केन्द्र एवं हाटबजार संचालन सम्बन्धी सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नु पर्नेछ ।

(३) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन हुने प्रत्येक दिन बिक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्यसूची सूचना पार्टीमा टाँस गर्नु पर्नेछ ।

## परिच्छेद ४

## कर तथा शुल्क सम्बन्धी

**११. कर बुझाउने दायित्वः** कृषि/पशु वस्तु बिक्री तथा संककलन केन्द्र एवं हाटबजार सम्बन्धी सम्पूर्ण कर तथा शुल्क बुझाउने दायित्व ब्यापारी वा संचालकको हुनेछ ।

**१२. दर्ता तथा नवीकरण शुल्कः**

(१) कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार दर्ता तथा नवीकरण शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१३. बहाल विटौरी शुल्कः**

(१) कार्यविधिको परिच्छेद ३ को बुँदा नं. ५ बमोजिम निजी जग्गा

भाडामा लिई संचालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर संचालकले मासिक रुपमा नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

**१४. स्टल बहाल प्रक्रिया:**

(१) भाडा दर कायम गर्दा संचालकले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामाग्री, विक्री कर्ता (उत्पादक स्वयम् वा व्यापारी) आदिको आधारमा भाडा दर निर्धारण गर्न सक्नेछ । यसरी स्टल भाडामा लगाउँदा संचालकले प्रत्येक विक्री कर्तासँग अलग अलग सम्झौता गर्नु पर्नेछ ।

स्पष्टीकरणः बहाल दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेगरी निर्धारण गर्नु पर्नेछ ।

**१५. बहाल कर:**

(१) सम्झौता बमोजिम कायम गरिएको बहाल (भाडादर) मा तोकिएको बहाल कर मासिक रुपमा संचालक वा ब्यापारीले नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(२) सहकारी वा सामुदायिक संस्था वा कृषक समुह संचालक रहेको हाटबजारको हकमा नगरपालिका, नगरकार्यपालिकाले निर्णय गरी कर बाहेकको अन्य शुल्क तथा अनुदान सम्बन्धी छुट्टै व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

**१६. अनुगमन समिति:**

(१) नगरपालिकामा कृषि/पशु वस्तु बिक्री तथा संमकलन केन्द्र एवं हाटबजार अनुगमन र नियमनको कार्य नगरपालिकाको

आर्थिक विकास समितिको संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष र राजश्व शाखाको कर्मचारी रहेको समिति वा नगर कार्यपालिकाले अख्तियारी दिएको समितिले गर्नेछ । समितिले अनुगमन कार्य सहजताको लागि आवश्यकता अनुसार अन्य पदाधिकारीलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१७. संचालक समितिः**

(१) सामुदायिक संस्था वा सहकारी वा कृषक समुहबाट संचालन गर्ने कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको हकमा व्यवस्थापनको लागि संचालक स्वयंले एक हाटबजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) कार्यविधि बमोजिम तोकिएको मापदण्ड पुरागरी कृषि/पशु वस्तु बिक्री तथा संचकलन केन्द्र एवं हाटबजार संचालन तथा व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी संचालक समितिको हुनेछ ।

(३) व्यक्तिद्वारा संचालित कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको हकमा कार्यविधि बमोजिम व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी संचालक स्वयंको हुनेछ ।

**१८. संचालन गर्न नपाइनेः**

(१) यस कार्यविधि विपरित हुने गरी कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन गर्न पाइने छैन ।

**१९. हाल संचालनमा रहेका कृषि/पशु वस्तु बिक्री तथा सं कलन केन्द्रका सम्बन्धमाः**

(१) मंगलसेन नगरपालिका वडा नम्वर-५ मा नगरपालिका स्वंले हाल संचालन गरेको कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्रलाई नगरपालिकाले आवस्यकता अनुसार विस्तार, व्यवस्थापन गर्न, वा टेण्डर वा अन्य प्रक्रिया बाट अन्य कुनैपनी व्यक्ति वा संस्थालाइ संचालनको जिम्मा दिन सक्ने छ ।

**२०. पुरस्कार, जरिवाना र दण्ड सम्बन्धी व्यवस्थाः**

(१) कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम संचालन भएको कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारलाई प्रोत्साहन गर्न कार्यविधिको परिच्छेद ५(१६) बमोजिमको समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी अनुदान दिन वा सम्मान गर्न वा पुरस्कृत गर्न सक्नेछ।

(२) अनुगमन समितिले अनुगमन गर्दा यस कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन नभएको पाइएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम कारवाही गर्न सक्नेछः

(क) प्रथम पटकमा सुधारको लागि मौखिक वा लिखित सुझाव दिने,

(ख) लिखित सुझावको पालना नभए दोस्रो पटकको लागि नसिहत दिने र जरिवाना गर्ने,

(ग) तेस्रो पटकको लागि हाटबजार संचालनमा रोक लगाउने ।

**२१. स्थानान्तरण सम्बन्धी व्यवस्थाः**

(१) संचालकले स्वीकृत स्थान भन्दा अन्यत्र कृषि/पशु वस्तु बिक्री तथा सं्कलन केन्द्र एवं हाटबजार स्थानान्तरण गर्नुपर्ने भएमा सम्बन्धित वडाको सिफारिस सहित शाखामा निवेदन दिई स्थानान्तरण गर्न सक्नेछ। यसरी स्थानान्तरण गरी संचालन गर्दा समेत कार्यविधिमा तोकिएको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

**२२. खारेजीः** संचालकले कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको नाममा रहेको सम्पत्ति र दायित्वको फरफारक गरी संचालन खारेजी गर्न सक्नेछ।

**२३. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा प्रमुखले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १
## अनुमतिको लागि निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मंगलसेन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मंगलसेन, अछाम ।

**विषयः कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन अनुमति सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा मंगलसेन नगरपालिका ............ मा ................ .................... .................... ............... द्वारा कृषि/पशु वस्तु बिक्री तथा संतकलन केन्द्र एवं हाटबजार संचालन गर्नको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी अनुमतिको लागि अनुरोध गर्दछु/गर्दछौं ।

**संलग्न कागजात**

१. संचालन गर्ने व्यक्ति, संस्था वा फर्मको परिचय खुल्ने कागजात
   - नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (संचालन गर्ने व्यक्ति सबैको)
   - संस्था दर्ता तथा नवीकरणको प्रमाण पत्र (संचालक संस्था भए)
   - संस्थाको विधान वा संस्था संचालन कार्यविधि (संचालक संस्था भए)
   - करचुक्ता प्रमाणपत्र (संचालक संस्था भए)

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि (निजी जग्गाको हकमा)

३. करारनामा (जग्गा भाडामा लिई संचालन गर्ने भएमा)

४. संधियारले स्वीकृत दिएको .......... सहित सम्बन्धित वडा तथा निकायको सिफारिस

५. पूर्वाधारको स्वीकृत डिजाइन

निवेदक

## अनुसूची २

## नवीकरणको लागि निवेदन ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

मंगलसेन नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,

मंगलसेन, अछाम ।

प्रस्तुत सम्बन्धमा मिति ........... मा नगरपालिकामा दर्ता भई संचालन भएको ..........(नाम).................. कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन निरन्तरताको लागि नवीकरण गरिदिनहुन अनुरोध छ ।

**आवश्यक कागजात**

१. सम्बन्धित वडाको सिफारिस
२. आय व्ययको विवरण वा लेखा परीक्षण प्रतिवेदन
३. संस्था/सहकारीद्वारा संचालितको हकमा सम्वन्धित निकायबाट संस्था सक्रियताको सिफारिस ।

निवेदक

## अनुसुची ३

## कृषि/पशु वस्तु बिक्री तथा सांकलन केन्द्र एवं हाटबजार संचालन अनुमतिपत्रको ढांचा (अगाडि)

मंगलसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मंगलसेन, अछाम

### कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार इजाजत पत्र

मंगलसेन नगरपालिका वडा नं ................... मा संचालन हुने................ लाई मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि-२०७६ बमोजिम मंगलसेन नगरपालिका नगर कार्यपालिका अन्तर्गतको कृषि तथा पशुपंक्षी विकास शाखामा अभिलेख राखी कार्यविधिको दफा ४ (४) बमोजिमयो इजाजतपत्र प्रदान गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुची ३
## कृषि/पशु बस्तु बिक्रि तथा संकलन केन्द्र एवं हाटबजार संचालन अनुमति पत्रको ढाँचा (पछाडि)

नाम .................................   संचालकको नाम .........................


| आ. व. | नवीकरण शुल्क | रसिद नं. | तिरेको मिति | अर्को गर्नुपर्ने मिति | नविकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ४
## कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास **(Layout)**
### नमूना १




LAYOUT OF HAATBAZAR
AREA: 10 KATHHA
TOTAL NO. OF STALLS: 242
MODEL II

# अनुसूची ४
## कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास **(Layout)**
### नमूना २





LAYOUT OF HAATBAZAR
AREA: 10 KATHHA
TOTAL NO. OF STALLS: 270
MODEL I


## अनुसूची ३

## कृषि/पशु वस्तु बिक्री संकलन केन्द्र एवं हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास **(Layout)**

### नमूना ३



## अनुसूची ४
## कृषि/पशु वस्तु बिक्री तथा संकलन केन्द्र एवं हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास **(Layout)** नमूना ३




LAYOUT OF HAATBAZAR
AREA: 5 KATHHA
MODEL 2

**प्रमाणीकरण मितिः २०७७/०३/१०**

**आज्ञाले,**
**ओमकार शाह**
**प्रमुख प्रशासकीय अधिकृत**